# कुशे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७५


पत्र संख्याः२०८२/०८३

च.नः

मितिः २०८३/०३/०२

**विषयः भुक्तानी सम्बन्धमा ।**

श्री सरोकारवालाहरु (सबै)
कुशे गाउँपालिका, जाजरकोट ।

उपरोक्त सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० को उपनियम १ बमोजिम फ्रिज नहुने भनी तोकेको शिर्षकको रकम बाहेक भुक्तानी दिनुपर्ने अन्य रकम आर्थिक बर्ष समाप्त हुनुभन्दा कम्तीमा ७ सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयबाट सेवा लिने सम्पूर्ण व्यक्ति, फर्म, सप्लायर्स, उपभोक्ता समिति र निर्माण व्यवसायले आर्थिक बर्ष २०८२।०८३ मा भुक्तानीको लागी पेश गरिने कागजातहरु यस कार्यालयमा २०८३।०३।१५ गते भित्र पेश गरी मिति २०८३ असार २४ गते भित्र भुक्तानी लिई सक्नु पर्नेछ। उल्लेखित समय भन्दा पछि भुक्तानीका लागि पेश हुन आएमा सम्बन्धित सरोकारवाला स्वयम जिम्मेवारी हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ । साथै आ.व .२०८२।०८३ मा विभिन्न प्रयोजन (योजना तथा कार्यक्रम संचालन) को लागी लिएको पेश्की रकम मिति २०८३।०३।१५ गते भित्र अनिवार्य फछौंट गर्नुहुन समेत अनुरोध छ ।

.............................
कृति बहादुर वि क
आर्थिक प्रशासन शाखा प्रमुख

.............................
शेर बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

शेर बहादुर भण्डारी
प्रमुख प्रशासकिय अधिकृत

**बोधार्थ**

श्री पूर्वाधार विकास शाखा, कुशे गाउँपालिका जाजरकोट
श्री योजना शाखा, कुशे गाउँपालिका जाजरकोट
श्री सूचना प्रविधि शाखा, कुशे गाउँपालिका जाजरकोट
श्री वडा कार्यालय सबै, कुशे गाउँपालिका जाजरकोट

**अवगतार्थ:**
श्रीमान् अध्यक्ष ज्यु, कुशे गाउँपालिका जाजरकोट
श्रमान् उपाध्यक्ष ज्यु, कुशे गाउँपालिका जाजरकोट


E-mail: kusheruralmunicipality@gmail.com





CamScanner